

# १ परमेश्वरले सृष्टि गर्नुभयो

*<u>यस अध्यायका मूल पदहरू:</u>* उत्पत्ति १-३, प्रेरित १७:२८, भजन १४८, भजन २४:१, उत्पत्ति ४:१-९, मत्ती २२:३७-३९ र प्रकाश १४:७।

*<u>यस अध्यायको मूल सार पद:</u>* **" जसले आर्थिक तथा अन्य अभावमा भएका वा गरीबलाई थिचोमिचो वा शोषण गर्दछ उसले सृष्टिकर्ताप्रति अवहेलना वा बेइमज्जत गर्दछ, तर जसले आवश्यक परेकाहरूको वा दरिद्रलाई दया देखाउँछ उसले परमेश्वरको आदर गरेको हुन्छ।" (हितोपदेश १४:३१ रूपान्तरित)।**

के तपाईंले कहिल्यै मायालु तरिकाले होशियारपूर्वक यस्तो सृजनात्मक काम सृजनुभएको छ? अरूलाई खुशी पार्न मिठो खाना, कुनै कलात्मक शैलीको कार्ड वा अन्य उपहार वा वस्त्र बनाएर कसैलाई दिनुभएको छ? त्यो व्यक्तिले पाउने बित्तिकै त्यसलाई तपाईंकै ती उपहारहरू अगाडि फ्याँकि दिन्छ? त्यसबेला तपाईंको अनुभव कस्तो हुन्छ? तपाईंको चित्तमा कस्तो चोट पर्छ होला वा परेको होला? यदि यो अनुभव तपाईंले गर्नुभएको छ भने तपाईंले पनि परमेश्वरको अनुभवको झलक पाउनुभएको छ। उहाँले बडो जतनसाथ मायालु तरिकाले ६ दिन लगाएर यस संसारलाई सृष्टि गर्नुभयो र मानिसलाई जीवन दिनुभएपछि यस पृथ्वीलाई उसको हातमा सुम्पनुभयो तर उक्त मानिसले यस संसारमा पाप निम्त्याएर उहाँको सृष्टिलाई भताभुङ्ग पारिदियो।

परमेश्वरले बडो जतनसाथ र "असाध्यै सुन्दर र राम्रो" तरिकाले यस पृथ्वीको सृष्टि गर्नभएको थियो भनेर बाइबलले बताउँछ। आफूले सृष्टि गर्नुभएको पृथ्वीका बारेमा परमेश्वरको अनुभव र खुशीयाली कस्तो थियो भनेर उत्पत्ति १ र २ अध्यायको विवरणले देखाउँछ। यहि परिवेशमा उत्पत्ति ३मा लेखिएको पाप भित्रिएको कथा हामीले पढ्नुपर्छ। जब आफैले सृष्टि गर्नुभएको

आदम र हव्वाले तिनीहरूकै स्वइच्छाले यस पृथ्वीमा पाप भित्र्याए तब परमेश्वरको चित्त कति फाट्यो होला?

परमेश्वरले माया गर्नुभएको पृथ्वी हजारौं वर्ष पापको जालोमा परेतापनि निरन्तररूपमा चलिनै रहेको छ। यस संसारमा हिंसा, अन्याय, अत्याचार, आतङ्क परमेश्वरको बिरुद्धमा लम्किनै रहेको छ। यो पृथ्वी किन अझ रहिरहेको छ भनेर सम्झिँदा हामीलाई अचम्म लाग्दछ। अझ अचम्मलाग्दो कुरो त यो छ कि यस्तो पतित संसारमा पनि परमेश्वरले आफ्नो उद्धारको योजना निरन्तर चलाइरहनुभएको छ। यस संसारलाई उहाँले नयाँ सृष्टि गरि पापबाट मुक्ति दिन चाहनु हुन्छ। अनि पापबाट मुक्ति दिलाएर यस संसारको पुनर्स्थापना गर्ने काम सम्पन्न होस् भनेर त्यस बृहत योजनामा सहभागी हुन उहाँका प्रत्येक विश्वासी जनलाई जिम्मेवारी सुम्पनुभएको छ। हो, हामी उहाँको अनुग्रहको फाइदा उठाउनेभएका छौं। तर उहाँले दिनुभएको अनुग्रहलाई प्रयोग गरेर उहाँले गर्नुभएको काममा हामी पनि उहाँसँग सहकर्मी भएर काम गरौं भन्ने उहाँको चाहनालाई हृदयमा राख्नु अत्यन्तै जरुरी छ भनेर महसुस गर्नु आवश्यक छ। परमेश्वरले हामीलाई दिनुभएको जिम्मेवारी पवित्र र गम्भीर छ भनेर मान्ने कि नमान्ने यो विषय प्रत्येक इसाईको निम्ति चुनौति भएर खडा भइरहेको छ।

## १. परमेश्वरले सृष्टि गर्नुभएको सृष्टिको झलक

यस संसार र यसमा भएका यावत जीवन, हाम्रो आफ्नै जीवन र त्यस जीवनसँग सम्बधित सबै थोकहरू, हामीहरूका वरिपरि रहेका प्रत्येकको जीवन र एक आपसमा हामी कसरी अन्तरक्रिया गर्छौं, जीवन आफै र हामी कसरी उत्तम तरिकाले जिउँछौं-यी सबै परमेश्वरबाट नै सुरू हुन्छ। यस सन्दर्भमा प्रेरित पावलले यसरी व्याख्या गर्दछन्: "उहाँमा नै हामी रहन्छौं र चल्दछौं। हाम्रो जीवनको अस्तित्व उहाँमा नै छ" (प्रेरित १७:२८ रूपान्तरित।

बाइबलको कथा यहाँ यसरी सुरू हुन्छ: "सुरूमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१ रूपान्तरित)। उहाँले बोलेको भरमा नै आकाश र पृथ्वीको अस्तित्व देखा पऱ्यो भन्ने कुरालाई औंल्याउँदा उहाँको शक्ति र जुन प्रक्रिया अपनाउनुभयो त्यसको हामी कल्पना पनि गर्न सक्दैनौं। त्यो हाम्रो सोचभन्दा अपार छ। यद्यपि, परमेश्वरले कहीँ टाढा रहेर आकाश र पृथ्वी सृष्टि गर्नुभएको थिएन। उहाँ व्यक्तिगतरूपमा नै संलग्न भएर सृष्टिको

काम सम्पन्न गर्नुभएको थियो। विशेष गरेर उहाँले मानव प्राणीलाई सृष्टि गर्नुहुँदा आफ्नै हातले उसलाई रच्नुभएको थियो ("तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" उत्पत्ति २:७)।

**उत्पत्ति १:२६-३१मा वर्णन गरिएको प्रथम मानव प्राणीको सृष्टिको बारेमा पढ्नुहोस्। यस विवरणमा परमेश्वरको बारेमा के महत्त्वपूर्ण कुराहरूको बारेमा हामीलाई बताउँछ? जन्तु जनावरहरूको सृष्टि र मानव प्राणीको सृष्टिको प्रक्रियामा के भिन्नता छ जसले गर्दा मानिसहरू के हुन् भनेर बताउँछ? हेर्नुहोस् "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।" तब त्यस्तै भयो। ३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो– छैटौं दिन।"**

प्रकृतिसँग समय बिताएर र उहाँको सृष्टिलाई हेरेर तिनीहरूमा हामीले सृष्टिकर्ता परमेश्वरको चरित्रको झलक हेर्नसक्छौं भनेर प्रायजसोले चर्चा गर्दछन्। संसारको सृष्टि परमेश्वरले कसरी गर्नुभयो भनेर त्यसको खोजिनीति गरियो भने त्यसमा परमेश्वरकै बारेमा केही न केही ज्ञान प्राप्त गर्न सक्दछौं। यदि परमेश्वरनै व्यवस्थित ढङ्ग वा नियमित वा क्रमबद्ध पद्धतिमा चल्ने सृष्टिकर्ता हुनुहुन्छ भने त्यो गुण उहाँको सृष्टिमा पाउने अपेक्षा हामीले गर्नुपर्छ। अर्थात् यदि परमेश्वर सृजनात्मक हुनुहुन्छ भने उहाँले सृष्टि गर्नुभएको संसारमा

अनेकौं अचम्म लाग्दो सृजनात्मक कामका उदाहरणहरू पाउँदा हामीले अचम्म मान्नु हुँदैन।

त्यही तरिकाले परमेश्वर सम्बन्ध राखेर चल्नुहुने हुनुहुन्छ भनेर हामी विश्वास गर्दछौं। त्यसकारण, परमेश्वरले मिलाएर राख्नुभएको संसारमा एक आपसमा हुने सम्बन्ध उहाँको सृष्टिको मूल तत्व भएको हामी पाउँछौं। जे जे तत्वहरू उहाँले यस संसारमा सृष्टि गर्नुभयो ती ती तत्वहरू बाँकी सृष्टिसँग सरोकार हुने गरि सृष्टि गर्नुभएको थियो। एक आपससँग मिलेर तालमेल गरेर चलोस् भनेर उहाँले पशुहरूको सृष्टि गर्नुभएको थियो। मानिसहरू पनि एक आपससँग, बाँकी सृष्टिसँग र आफूसँग सम्बन्ध गाँसेर चलोस् भनेर परमेश्वरले सृष्टि गर्नुभएको थियो।

हुन त परमेश्वरको बारेमा हामीहरूको आत्मज्ञान धेरै कारणहरूले गर्दा सिमित छ, तैपनि उहाँको चरित्रको बारेमा हामीलाई जे थाहा छ त्यसको भरमा यो संसार कस्तो हुनुपर्दो रहेछ भनेर अनुमान गर्न सक्छौं।

**पापको कारणले क्षतिबिक्षत भएतापनि केही हदसम्म यस पृथ्वीको बारेमा तपाईंको ज्ञान के छ जसले परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्दछ?**

## २. पूर्ण वा सद्दे पृथ्वी

अदनको बगैंचामा फर्कन पाए हुन्थ्यो भनेर चाहना गर्न सजिलो छ। परमेश्वरले सृष्टि गर्नुभएको आदम र हव्वाको घर अदनको बगैंचाको बारेमा दिएको छोटो जानकारीमा जे छ त्यसले गर्दा हामी त्यहाँ फर्कन पाए हुन्थ्यो भनेर हाम्रो हृदयमा पनि खसखस भइरहेको हुनसक्छ। त्यस बेलाको संसार कसरी चलेको थियो भनेर हामी धेरै बुझ्दैनौं, तै पनि त्यस बेलाको अनुभव गर्न पाए हुन्थ्यो भनेर हामी बेलाबेलामा महसुस गर्दछौं।

जब भर्खर पृथ्वीको सृष्टि भएको थियो त्यसबेला सबै कुरो परिपूर्ण र संतोषमय थियो भनेर परमेश्वरले पनि अनुभव गर्नुभएको थियोः "आफूले बनाउनु भएको सबै थोक परमेश्वरले हेर्नुभयो। त्यो अत्यन्तै असल भएको उहाँले देख्नुभएको थियो" (उत्पत्ति १:३१ रूपान्तरित)। परमेश्वरले सृष्टि गर्नु भएको संरचना अत्यन्तै सुन्दर र काम लाग्दो थियो। व्यवहारिकरूपमा हेर्दा यो पृथ्वीको बनावट अत्यन्तै सुन्दर र रमाइलो थियो। त्यहाँको जीवन अनेकौं रङ्गिचङ्गि र रोमाञ्चमय थियो। त्यसको साथै जीवनमा चाहिने सबै आवश्यक थोकहरू फस्टाउने वातावरणले त्यस पृथ्वी भरिएको थियो। त्यसैकारण

आफूले सृष्टि गर्नुभएको संसार कस्तो सुन्दर थियो भनेर परमेश्वरले बारम्बार सराहना गर्नुभएको थियो।

उत्पत्ति १ पढ्नुहोस्। विशेष गरेर पद ४,१०,१२,१८, २०, २५ र ३१ पढ्नुहोस्। त्यसमा आफूले सृष्टि गर्नुभएको पृथ्वी "कस्तो असल र सुन्दर थियो" भनेर उहाँले दोहोऱ्याएर व्यक्त गर्नुको अर्थ तपाईंलाई कस्तो लाग्छ? हेर्नुहोस्: "१ आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। २ पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो, र परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो। ३ अनि परमेश्वरले भन्नुभयो, “उज्यालो होस्।” तब उज्यालो भयो। ४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, *त्यो असल थियो*। उहाँले उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नुभयो। ५ परमेश्वरले उज्यालोलाई “दिन” र अँध्यारोलाई “रात” भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– पहिलो दिन। ६ अनि परमेश्वरले भन्नुभयो, “पानीका बीचमा एक क्षेत्र होस्, र त्यसले पानीलाई दुई भाग गरोस्।” ७ परमेश्वरले सो बनाएर क्षेत्रमुनिको र माथिको पानीलाई अलग-अलग गर्नुभयो। तब त्यस्तै भइहाल्यो। ८ परमेश्वरले यस अन्तरिक्षलाई आकाश भन्नुभयो। साँझ पऱ्यो र बिहान भयो– दोस्रो दिन। ९ अनि परमेश्वरले भन्नुभयो, “आकाशमुनि भएको पानी एक ठाउँमा जम्मा होस् र ओबानो भूमि देखा परोस्।” तब त्यस्तै भइहाल्यो। १० परमेश्वरले ओबानो भूमिलाई “पृथ्वी” भन्नुभयो, र जम्मा भएको पानीलाई “समुद्र” भन्नुभयो। *अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो*। ११ तब परमेश्वरले भन्नुभयो, “भूमिले वनस्पति, बीउ हुने बोट-बिरुवाहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू पृथ्वीमा उमारोस्।” तब त्यस्तै भइहाल्यो। १२ भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमाऱ्यो। *अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो*। १३ साँझ पऱ्यो र बिहान भयो- तेस्रो दिन। १४ अनि परमेश्वरले भन्नुभयो, “अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। तिनीहरूले ऋतुहरू, दिनहरू र वर्षहरू छुट्ट्याउन चिन्हको रूपमा काम गरून्। १५ र पृथ्वीमा प्रकाश दिनलाई अन्तरिक्षमा ती ज्योतिहरू होऊन्।” तब त्यस्तै भइहाल्यो। १६ अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो। १७ अनि परमेश्वरले पृथ्वीमा प्रकाश दिनलाई, १८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। *र*

*परमेश्वरले हेर्नुभयो, त्यो असल थियो*। १९ साँझ पऱ्यो र बिहान भयो– चौथो दिन। २० अनि परमेश्वरले भन्नुभयो, "पानी जीवित जन्तुहरूले प्रशस्त गरी भरिऊन्। र पन्क्षीहरूचाहिँ पृथ्वीमाथि अन्तरिक्षमा उडून्।" २१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो। र *परमेश्वरले हेर्नुभयो, त्यो असल थियो*। २२ अनि परमेश्वरले तिनीहरूलाई यसो भनेर आशिष् दिनुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै र समुद्रमा भरिँदैजाओ। र पन्क्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्।" २३ अनि साँझ पऱ्यो र बिहान भयो– पाँचौं दिन। २४ अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्। तब त्यस्तै भयो। २५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र *परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।* २६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्। ३० र पृथ्वीको हरेक पशु, आकाशको हरेक पन्क्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु– हरेक प्राणी जसमा जीवन छ– तिनीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु।" तब त्यस्तै भयो। ३१ *आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो*। साँझ पऱ्यो र बिहान भयो- छैटौं दिन।"

यो पृथ्वीको सृष्टिको सबै विवरण पापपछि लेखिएतापनि बाइबलमा प्राकृतिक संसार सौन्दर्यता उत्सबमय र उल्लाले भरिएको चित्रण गरिएको छ।

यस्तै खालको चित्रण अय्यूब ३८देखि ४१ र भजन १४८मा गरिएको छ। यो पनि हामीले याद गर्नु जरुरी छ कि त्यसबेलाको संसारको पहिलो सृष्टि र पापभन्दा अगाडिको झलक हेरेर खुशियाली व्यक्त गरेर ती विवरणहरू लेखिएका थिएनन्। तर तिनीहरू बर्तमान काल वा प्रिजेन्ट टेन्समा लेखिएको थियो। त्यसको अर्थ सृष्टिको सुरुको पृथ्वीमा भएका असल र सौन्दर्यात्मक गुणहरूको प्रमाण अहिले पनि खुशीसाथ हेर्नसकौं भनेर लेखिएको थियो।

प्राकृतिक सौन्दर्यताबाट नै उदाहरणहरू खिचेर हामीप्रति परमेश्वरको हेरचाहा र भलोको बारेमा येशूले चित्रण गर्नु भएको थियो (उदाहरणमा, मत्ती ६:२६ "आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले न त बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढ़ी मूल्यवान् छैनौ र? " र मत्ती ६:२८-३० "२८ “अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। २९ तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। ३० आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? ")। परमेश्वरमाथि हाम्रो भरोसा कस्तो हुनुपर्छ र हाम्रो वरिपरि रहेका प्राकृतिक उपहारहरूलाई अचम्म मान्दै सराहना गर्नुपर्छ भनेर येशूले सिकाउन चाहनुभएको थियो। यदि हामीले सृष्टिका अचम्म लाग्दा संरचनालाई आँखा खोलेर हेर्न सक्यौं भने हाम्रो सृष्टिकर्ताका अचम्मका उपहारहरू साँच्चिकै उपभोग गर्ने अवसर पाएका हामी भाग्यमानी रहेछौं भनेर हामी महसुस गर्नसक्नेछौं। ती ज्ञान हामीमा भयो भने दुःखकष्ट र परीक्षाहरूको बीचमा पनि परमेश्वरप्रति हामी आभारी हुनसक्छौं र धन्यवादको प्रशंसाले गुञ्जायमान पार्दै हामीहरूको हृदय भर्न सक्छौं, साथै प्रकृतिका ती उपहारहरू दिनुहुने परमेश्वरप्रति नम्र भएर हाम्रो जीवन उहाँमा सुम्पन्न राजी हुनसक्नेछौं।

हामी सेभेन्थ-डे एडभेन्टिस्ट जसले परमेश्वरको सृष्टिको खुशियालीसाथ सराहना गर्ने र परमेश्वरको आउने राज्यको पनि अपेक्षा गर्नेभएकोले यस संसारमा भएका सौन्दर्यता, आनन्द र असलै महसुस गर्नुपर्छ। यो संसार कस्तो थियो र फैरि कस्तो हुनेछ भन्ने अनुभवको झलक पनि हामीमा हुनुपर्दछ।

**तपाईंले अनेकौं प्राकृतिक दृष्यहरू हेरेर आनन्दको अनुभव गर्नुभएको होला। तिनीहरूमा तपाईंले सृष्टिका विशेष गरेर के अचम्म कुराहरूको सराहना गर्न सक्नुभएकोछ? यस संसारको प्राकृतिक जीवनका अचम्मका कुराहरूको ख्याल गर्दै तपाईंले आफ्नो दैनिक जीवनमा परमेश्वरको बारेमा अझ राम्रो जानकारी पाउन तपाईं कतिको सक्षम हुन सक्नुहुन्छ?**

## ३. पृथ्वीका संञ्चयकर्ताहरू

बाइबलमा लेखिए अनुसार अदनको बगैंचा भर्खरै सृष्टि भएको पृथ्वीमा सजाएर परमेश्वरले स्थापना गर्नुभएको थियो। बिशेष गरेर मानव प्राणीले आनन्दसाथ उपभोग गरुन् भनेर उसको निम्ति सबै थोक प्रशस्त थियो। उसको जीवन फलदायी भएर प्रगति गरोस् भन्ने सृष्टिकर्ताले चाहनुभएको थियो।

त्यसको साथै प्रथम पुरुष र स्त्री र तिनीहरूका पछि आउने सन्तानहरूलाई आफूले रच्नुभएको सृष्टिमा कुनै न कुनै किसिमको भूमिका खेलोस् भनेर परमेश्वरले जिम्मेवारी सुम्पन्नुभएको थियो। भर्खरै नयाँ सृष्टि गरिएको संसारमा जुन तरिकाले आदम र हव्वालाई रच्नुभयो त्यसले र अरू कारणले यस पृथ्वीमा तिनीहरूको विशेष स्थान रहेको तुरन्तै देखाइएको थियो।

सारा जीवजन्तु र चराचुरुङ्गीहरूको नाउँ दिने पहिलो काम आदमलाई नै सुम्पिएको थियो (उत्पत्ति २:१९)। अनि उनलाई अर्को जिम्मेवारी सुम्पिएको थियो जुन परमेश्वर आफैले उनलाई आशिषको रूपमा सुम्पिनु भएकोथियोः "२८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, “फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।” ( उत्पत्ति १:२८)। (याद गर्नुहोस्, पाप आउनुभन्दा अघि मानिसले मानिसलाई (स्त्री वा पुरुष) बशमा राख्न वा उसमाथी अधिकार जमाउन वा नियन्त्र गर्ने जिम्मा सुम्पिएको थिएन- अनुवादकको टिप्पणी)।

**उत्पत्ति १:२८सँग २:१५ पढेर तुलना गर्नुहोस् जसमा लेखिएको छ "परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो।" ती दुई पदहरूमा दिइएका अनुसार यस पृथ्वीमा मानिसको कामको विवरण कसरी चित्रण गरिएको छ? सोच्नुहोस्।**

कतिपय समयमा मानिसहरू चाहे इसाई नै किन नहोस् उत्पत्ति १:२८लाई गलत ढङ्गले व्याख्या गरेर प्राकृतिक संसारलाई शोषण गरि नष्टसम्म गर्न परमेश्वरले नै दिनुभएको इजाजत भनेर सोच्दछन्। हो, मानव जगतको हितको निम्ति र आनन्द मनाउन यो पृथ्वी सृष्टि गरिएको थियो। तर "त्यसमा काम गर्न र स्याहार गर्न" उत्पत्ति २:१५ अनुसार मानिसलाई जिम्मा लगाइएको थियो।

जब हामी सञ्चिताको बारेमा सोच्दछौं हामीहरूको पहिलो सोच नै पैसालाई जोगाउनुपर्छ भन्ने ठान्दछौं। तर प्रथम सञ्चिता गर्ने काम वा भन्डारेपन पैसा नभएर परमेश्वरले सृष्टि गर्नुभएको प्रकृतिको हेरचाह गर्नु थियो भनेर बाइबलले बताउँदछ। यस पृथ्वीलाई सरंक्षण गर्ने काम हामी सबैलाई सुम्पिएको छ। जुनरूपले परमेश्वरले आदम र हव्वालाई निर्देशन दिनुभएको थियो त्यसले यस पृथ्वीको सरंक्षण केवल तिनीहरूको मात्र नभएर तिनीहरू पछि आउने भावि सन्तानको पनि थियो भनेर देखाउँछ। यो पृथ्वी समस्त मानव प्राणीको निम्ति जीवनको स्रोत हो, उसको भलाइको निम्ति यसको सौन्दर्यताको उपभोग गरोस् भन्ने सुरुको लक्षसाथ यसको सृष्टि भएको थियो। यसको हेरचाह र सरंक्षण गर्ने ठूलो अभिभारा आदम र हव्वालाई सुम्पिइएको थियो।

पापले क्षतविक्षत भएतापनि यो पृथ्वी अझै पनि परमेश्वरको हो ("पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्।" भजनसंग्रह २४:१)। अझ पनि परमेश्वरले दिनुभएको यो पृथ्वी वा प्राकृतिक सम्पदालाई सञ्चिता र सरंक्षण गर्न हामीलाई आह्वान गरिएको छ। अझ भन्ने हो भने यस पतित संसारमा प्राकृतिक सम्पदाको सञ्चिता गर्न र सरंक्षण गर्ने जिम्मेवारी हामीमाथि झन ठूलो भएको ठान्नु अनिवार्य छ।

आज **यस पतित संसारमा तपाईं पनि यसको संरक्षक हुनुहुन्छ भन्ने कुरालाई तपाईंले कसरी लिनुहुन्छ? यो ज्ञानलाई थाहा पाएर तपाईंको दैनिक जीवनमा तपाईंको जिम्मेवारीलाई कसरी पूरा गर्नुहुन्छ?**

## ४. टुक्रिएको वा क्षतबिक्षत भएको संसार

परमेश्वरले सृष्टि गर्नुभएको सबै प्राणीहरूमा केवल मानव प्राणीलाई मात्र एक विशेष उपहार दिनुभएको थियो। त्यस उपहारले नै मानिसलाई र

पशु अर्थात् अरू जीवहरूबाट अलग राख्छ। त्यो उपहार हो, नैतिक स्वतन्त्रता-आत्मनिर्णयको स्वतन्त्रता-चेतना वा स्वविवेकको स्वतन्त्रता। मानिसहरू नैतिक प्राणी हुन् तर जमीनका पशु, आकाशमा उड्ने पंक्षि, पानीमा हुने जीव र प्राकृतिक सम्पदा अर्थात् रूख, बिरुवा, हिमाल पहाडहरूमा नैतिक स्वभाव हुँदैन। त्यो नैतिक वा आत्मनिर्णयको स्वतन्त्र परमेश्वरको निम्ति यस्तो मूल्यवान थियो कि उहाँले उहाँलाई विश्वास गर्ने र नगर्ने वा उहाँका आज्ञाहरूलाई पालन गर्ने कि नगर्ने भन्ने आत्मनिर्णयको अधिकार मानिसहरूलाई नै जिम्मा लगाउनुभएको थियो। त्यो स्वतन्त्रता दिनुहुँदा परमेश्वरले आफ्ना सबै सृष्टिहरूबाट आफैलाई ठूलो जोखिममा पार्नुभएको थियो। मानव प्राणीमा भएको प्रेम र आत्मनिर्णयको स्वतन्त्रताले उससँग आफ्नो सम्बन्ध राख्ने बृहत लक्ष्य खतरामा पर्ने सम्भावना बनेको थियो।

फेरि परमेश्वरको प्रतिद्वन्द्वी वा सत्यानाशको नाइके शैतानको अस्तित्व पनि उहाँको सृष्टिको सामु खडा भइरहेको थियो। (स्वर्गदूतहरूमा पनि त्यही नैतिक वा आत्मनिर्णयको स्वतन्त्रता थियो। तर परमेश्वरसँग प्रतिस्पर्धा गर्न खोज्ने लुशिफरले गर्दा उसहित अनगिन्तियौं देवदूत वा स्वर्गदूतहरू यस पृथ्वीमा फ्याँकिएका थिए)। परमेश्वरले असल र पूर्णरूपमा सबै थोक सम्पन्न गरेर सृष्टि गर्नुभएको यस संसारलाई तहसनहस गर्ने शैतानको अभिप्राय पनि परमेश्वरलाई थाहा थियो। परमेश्वरको विशेष सृष्टि मानव प्राणीलाई नै प्रयोग गरेर यस संसारलाई ध्वस्त पार्ने शैतानको योजनाप्रति परमेश्वर सजग हुनुभएको थियो। आखिरमा परमेश्वरले जे ठान्नुभएको थियो सोही भयो । शैतानले सर्पको रूपमा अदनको बगैंचामा भएको मनाही गरिएको फल फल्ने रूखमा बेरिएर आदम र हव्वालाई फसाएको थियो। यस पृथ्वीमा मानिसहरूलाई उपलब्ध गराउनुभएको परमेश्वरको पूर्णता र सम्पन्नताको प्रश्न उठाएर शैतानले आदम र हव्वालाई पापमा फसाएको थियो। (यसको विवरण उत्पत्ति ३:१-७मा यसरी लेखिएको छ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो

खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए"))। परमेश्वरले आदम र हव्वालाई दिनुभएको थोकहरूभन्दा बढी लोभ वा लालच गर्न शैतानले तिनीहरूलाई बहकाएको थियो। आफूमाथि नै भर परेर परमेश्वरको असल र नैतिक स्वभावमाथि हामीहरूका ती प्रथम् पुर्खाहरूले शङ्का गर्न पुगेका थिए।

आदम र हव्वाको त्यो निर्णय र कामले गर्दा सृष्टिसँग व्यक्तिगत सम्बन्ध राखिराख्ने परमेश्वरको योजना टुक्रिन पुगेको थियो। जब तिनीहरूले परमेश्वरको वचनभन्दा शैतानको वचनलाई शिरोपर गरे तब तिनीहरूको परमेश्वरसँगको रमाइलो सम्बन्ध त्रास र तितोपनामा परिणत भएको थियो ("८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" उत्पत्ति ३:८-१०)। शैतानको बचन पालना गरि मनाही गरिएको रूखको फल खाँदा ती दुई मानव प्राणीहरूले आफूहरू नाङ्गै भएको महसुस गरे र लाजले तिनीहरू भुतुक्कै भए। परमेश्वरसँगमात्र होइन ती मानवप्राणीहरूको बीचमा पनि सम्बन्ध झण्डै जोडिन नसक्ने गरेर परिवर्तन भएको थियो। तिनीहरूको सम्बन्ध बाँकी संसारसँग पनि टुट्यो र जीवजन्तु तथा प्राकृतिक संम्पदासँग तिनीहरूको सम्बन्ध तनावपूर्ण हुन थाल्यो।

**प्राकृतिक संसार र मानव जीवनहरूसँग भइरहेको सुमधुर सम्बन्ध पापको कारणले कसरी तहसनहस भयो भनेर उत्पत्ति ३:१४-१९ले कसरी बताउँछ? हेर्नुहोस् "१४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी**

**हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानुपर्नेछ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै थियौ**
**र माटैमा फर्किजानेछौ।"**

पापको वास्तविकताको कारण वा संसारमा पापले जरा गाढेको कारण आदम, हव्वा र बाकी सृष्टिसँगको सम्बन्ध अचानक कठिन हुन पुग्यो। पापको परिणाम काल्पनिक नभएर वास्तविक थियो। विशेष गरेर त्यसले समस्त मानव प्राणी र हामीहरूको सम्बन्धमा असर पार्दछ। त्यसले गर्दा साँच्चिकै भन्ने हो भने हामीहरूको सम्बन्ध सृष्टिकर्तासँग टाढिन पुग्यो। धेरै तवरले हामीहरूको सम्बन्धले परिवारहरूमा पनि असर पारेको छ र अरूसँग हाम्रो सम्बन्ध पनि चुनौतिपूर्ण हुनगएको छ। हाम्रो वरिपरि रहेको प्राकृतिक वातावरण र हामी रहेको संसारसँगको सम्बन्ध संघर्षमय हुन पुगेको छ। हाम्रो जीवनको सबै पक्षहरूमा र हाम्रो संसारमा पापको कारणले टुक्रा टुक्रा भइरहेको अनुभव गरिरहेका छौं।

तर यस्तो क्षतविक्षत पार्न हुन परमेश्वरले यो संसारको सृष्टि गर्नुभएको थिएन। उत्पत्ति ३मा परमेश्वरले दिनुभएको श्रापमा एउटा प्रतिज्ञा पनि थपिएको छ। पापको कारण टुक्रिएको सम्बन्ध फेरि गाँस्नुहुनेछ र यस पृथ्वीलाई फेरि नयाँ गरि सृष्टि गर्ने बाटो खोल्ने बाचा परमेश्वरले दिनुभएको छ। पापसँग र यसले ल्याइरहेको प्रभावसँग हामीले संघर्ष गरिरहनुपरेतापनि परमेश्वरले सुरुमा सृष्टि गर्नुभएको पृथ्वीको असल र सौन्दर्यतालाई कायम राख्न र उहाँको योजनामुताविक जीवन बिताउन प्रयत्न गरिरहन हामीलाई आह्वान गरिएको छ।

## ५. मानव परिवारको सञ्जाल

पाप भित्रिएपछि यो रमणीय संसार धुजा धुजा हुन धेरै समय लागेन। रिसइबि, खराबी सोच्ने प्रवृत्ति, आफ्नो भाऊ खोज्ने महत्वाकाँक्षाले गर्दा प्रथम दाजुभाइमानै हत्याको अपराध घस्रियो। अनजान हाबेललाई क्रुद्ध कैयनले छल गरेर हत्या गऱ्यो। हाबेलले परमेश्वरको आराधनाको निम्ति ल्याएको थुमाको बलिलाई परमेश्वरले आगो पठाएर भष्म पार्नुभएको थियो तर कैयनले ल्याएको फललाई भष्म पार्नुभएको थिएन। परमेश्वरप्रतिको रिस आफ्नो भाइलाई पोखाएर उसको निर्मम हत्या कैयनले गरेको थियो। कैयनले भाइलाई मारेर लुकाएको हुनुपर्छ। जब परमेश्वरले कैयनलाई "तिम्रो भाइ खोइ" भनेर मात्र सोध्नुभएको थियो। तर त्यसको जवाफमा कैयनले आफ्नो रिस पोखाएर परमेश्वरलाई भन्यो "के म मेरो भाइको रखवाली हुँ र?" (उत्पत्ति ४:९)। परमेश्वरको प्रश्नमा यो आभास् दिइएको थियो, "एकदम हो, तिमी तिम्रो भाइलाई रखवाली गर्ने र हित खोज्ने तिम्रो जिम्मा हो।"

**हितोपदेश २२:२मा अत्यन्तै सरल वचन लेखिएको छ। त्यसको अर्थ मानव समाजको निम्ति के हुनसक्छ? हामी जो भएतापनि अरू मानिससँग हाम्रो सम्बन्ध कुन किसिमले चल्नुपर्छ भनेर त्यस वचनमा व्यक्त गरिएको छ? हेर्नुहोस्: "धनी र गरीब यस कुरामा समान छन्, कि सबैलाई बनाउने परमप्रभु नै हुनुहुन्छ।"**

हामीहरूको दैनिक जीवनमा अनेकौं मानिसहरूसँग भेटघाट हुन्छ। तिनीहरू सबै परमेश्वरका सृष्टि हुन्। तिनीहरू परमेश्वरकै स्वरुपमा बनिएका हुन्। परमेश्वरको सृष्टिको सञ्जालमा हामी सबै जना एक आपसमा सम्बन्ध राखेर **चलोस्** भन्ने परमेश्वरको चाहना हो। पापले गर्दा जतिसुकै टुक्रिएतापनि, मानव जीवनको चरित्र वा स्वभाव जतिसुकै तलमाथि भएतापनि प्रत्येक मानिस परमेश्वरको सृष्टि हुन् जो सम्माननीय छन् भनेर हामीले बुझ्नु आवश्यक छ। "हामी सबै जना सँगसँगै मानव सयन्त्रमा बुनिएका हौं। यस बृहत मानव बन्धुत्वको कुनै भागमा खसेको पाप वा दुष्टता हामी सबै मानव प्राणीमा आएको बिपत्ती हो।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. ३४५बाट रूपान्तरित। हामीलाई मन परेपनि नपरेपनि हामी मानव प्राणी साझा बन्धनमा बाँधिएको कारण परमेश्वरले हामीलाई उहाँप्रति र एक आपसप्रति जिम्मेवी सुम्पिनुभएको छ (यस मामिलामा येशूले भन्नुहुन्छ "३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६

"गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।" मत्ती २२:३५-४०)।

परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर बाइबलमा बारम्बार दोहोऱ्याइएको छ। हप्ताको सातौं दिन साबथलाई सम्झिनुपर्ने कारण पनि उहाँ सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रमाणित भएर बसुन् भनेर हो (प्रस्थान २०:११)। युगको अन्त्यमा पनि आकाश र पृथ्वी सृष्टि गर्ने परमेश्वरको आराधना गर्नुपर्छ भनेर आह्वान गरिएको छ (प्रकाश १४:७)। अरू मानिसको हित खोज्नु र विभिन्न परिस्थितिको कारण हामीभन्दा कमजोरप्रति संवेदनशील भएर सहयोग गर्न कम्मर कस्नु पर्ने मुल कारण पनि परमेश्वर हामी सबैको सृष्टिकर्ता हुनुभएकोले हो।

हामी सबै जना परमेश्वरबाट नै साझा सृष्टि भएर आएको हुनाले हामी एक आपसमा बाँधिएर जोडिएका छौं। हितोपदेश १४:३१ले यो स्पष्ट पार्दछ "गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ।" यदि हामीले सबै जना परमेश्वरका सृष्टि हौं र उहाँको अगाडि हामी बराबर छौं भनेर दावी गऱ्यौं भने कसैलाई गरिब, विपन्न जाति आदि भनेर हेप्ने अधिकार हामीलाई दिइएको छैन। मानिसहरू यउटै सञ्जालमा छन् भनेर स्पष्टरूपमा देखाउने यो भन्दा अरू के होला?

परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुभएकोले हाम्रो सबै जीवन उहाँलाई सुम्पिऔं, हाम्रो आराधना उहाँलाई होस्, हामीले अरूको सेवा गरेको र अरूको हित खोजेको भनेर उहाँले हामीबाट माग गर्नुभएको छ। कतिपय समयमा कठिन होला, असुविधा होला र दिक्क लाग्दो पनि होला, तैपनि हामीले हाम्रो भाइको रखवाली गरेको परमेश्वरले अपेक्षा गर्नुभएको छ।

**परमेश्वर सृष्टिकर्ता हुनहुन्छ भन्ने विषय बाइबलमा किन बारम्बार उल्लेख गरेको होला? यो विषय किन अति महत्त्वपूर्ण छ र हामीले अरूलाई गर्ने व्यवहारमा त्यस बिषयलाई किन आत्मसात् गर्नु जरुरी छ?**

**उपसंहार**

**थप जानकारीको निम्ति एलेन जी ह्वाइटद्वारा लिखित पाट्रियार्क एण्ड प्रोफेटसको पृ. ४४-५१ "द क्रियशन" पढ्न सुझाव दिइन्छ।**

"परमेश्वर प्रेम हुनुहुन्छ"....उहाँको स्वभाव, चरित्र, बानीव्यहोरा र उहाँको व्यवस्था वा नीति प्रेम हो। उनको यो स्वभाव अनन्तकालदेखि वा सदासर्वदा थियो र त्यही स्वभाव उहाँमा रहिरहनेछ। परमेश्वरका मार्गहरू वा नीतिहरू अनन्तका छन् र कहिल्यै पनि परिवर्तन हुँदैनन्। उहाँमा रहेका उहाँका नीतिहरू अपरिवर्तनीय र कहिल्यै पनि घटबढ हुँदैन न त त्यसको अलिकति छायाँ पनि यताउती फर्किन्छ। उहाँको सृष्टि गर्ने प्रत्येक शक्तिले उहाँको अनन्त प्रेमलाई छर्लङ्ग देखाउँछ। परमेश्वरको सार्वभौमिक अधिकार अनुसार उहाँले सृष्टि गर्नुभएका सबै थोकहरूमा उहाँको आशिषले भरिपूर्ण पारिएको छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. ३३बाट रूपान्तरित।

"यदि सम्पूर्ण मानव जातिले तिनीहरूलाई परमेश्वरले सुम्पनुभएका थोकहरूलाई विश्वासिलो भएर बडो जतनसाथ सञ्चिता गर्ने र कर्तव्य पालना गरे भने कसैले पनि खानेकुराको निम्ति रुनु पर्दैन, कोही पनि दरिद्र वा बेसाहार भएर दुःख पाउनु पर्दैन, कोही पनि नाङ्गो हुनुपर्दैन न त कसैलाई आवश्यकताको अभाव हुन्छ। मानिसहरूको विश्वासघात गर्ने प्रवृतिले नै मानव जातिलाई दुःखकष्ट र पीडाको स्तरमा डुवाइरहेको छ।... परमेश्वरले मानव जातिलाई यस पृथ्वीलाई जतन गरेर सञ्चिता गर्ने अभिभारा सुम्पिनुभएको छ। कोही दुःखकष्ट वा बिमारी हुन्छ, दरिद्र, अशान्ति वा कहालिलाग्दो स्थितिमा पुग्छ, कोही नाङ्गो रहन्छ भने पापको कारणले हो। मानिसको दिनहीन अवस्थाको दोष परमेश्वरलाई दिनु मनासिव छैन। सबैको सर्वोच्च हितको निम्ति परमेश्वरले पर्याप्त प्रावधान उपलव्ध गराउनुभएको भएको छ।"-एलेन जी ह्वाइट, *द वेलफेयर मिनिस्त्री,* पृ. १६बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ) एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको अन्तिम कथन होशियारसँग पढनुहोस्। उहाँले के भन्न खोजिरहनुभएको छ? यस संसारमा हुने र हामीले देखिरहेका अनेकौं दरिद्रताको जिम्मेवारी आखिरिमा को रहेछ।**

परमेश्वरले सुम्पनुभएको प्रत्येक थोकलाई विश्वास र जतनसाथ सञ्चय गर्नु कतिको महत्त्वपूर्ण रहेछ भनेर त्यस कथनले हामीलाई भनिरहेको छ?

आ) हजारौं वर्षसम्म पापको कारणले क्षतबिक्षत भएको यस संसारमा अझै पनि हामीप्रति परमेश्वरको प्रेम र भलाई भइरहेको देख्न के सम्भव छ त? कतिपय मानिसहरूले सृष्टिकर्ता परमेश्वरलाई विश्वास गर्लान् वा नगर्लान् तैपनि उहाँको सृष्टिमा परमेश्वरको असल गुणको स्वभाव अरूलाई हामीले कसरी देखाउन सक्छौं?

इ) परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएका थोकहरूको जतनसाथ सञ्चिता गर्ने अभिभारा हामीलाई नै सुम्पिएको छ भन्नुको अर्थ के हो? हामीलाई परमेश्वरले बोलाउनुभएको हो भन्ने कुरालाई विश्वास गर्दा यस संसारको प्रत्येक थोक साथै प्राकृतिक सम्पदालाई सञ्चिता गर्ने अभिभारा हामीलाई सुम्पिएको छ भन्ने धारणामा यस अध्यायको विद्याले के तपाईंलाई केही फरक पारेको छ?

ई) हाम्रो सम्पर्कमा आएको प्रत्येक व्यक्ति "परमेश्वरले उहाँको स्वरुपमा सृष्टि गर्नुभएको हो, उसलाई प्रेम गर्नुहुन्छ र येशू उसको निम्ति मर्नुभएको थियो" भन्ने मनस्थितिलाई हामीहरूको मनमा बुनिराख्न सकियो भने त्यसप्रति हामीले गर्ने व्यवहार र त्यससँग सम्बन्ध राख्ने हाम्रो आचरणमा कसरी परिवर्तन ल्याउन सकिन्थ्यो होला? सोच्नुहोस्।

**यस अध्यायको सारांशः** परमेश्वरले यो संसार निष्खोट र सबै कुरामा भरिपूर्ण गरि  सृष्टि गर्नुभएको थियो। आफ्नो स्वरुपमा सृष्टि गरिएको मानव जातिलाई उहाँको सृष्टिको हेरचाहा र जतन गर्ने अभिभारा परमेश्वरले सुम्पनुभएको थियो। जुन लक्ष्य लिएर हाम्रो निम्ति यस संसार सृष्टि गर्नुभएको थियो सो पापले गर्दा क्षतबिक्षत भएतापनि अझै पनि उहाँको सृष्टिमा भएको असल कुराहरूको सञ्चिता गर्न र मानव प्राणीको हेरचाह गर्ने भूमिका हामीलाई सुम्पिएको छ। यदि परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँलाई हामी विश्वास गर्छौं र उहाँको आराधना गर्छौं भने त्यो अभिभारा हामीले पूरा गरेर देखाउनु पनि उहाँ सृष्टि कर्ता हुनुहुन्छ भनेर सम्मान गर्ने एउटा बाटो ह

## कथा १

## जङ्याँहा आमाबाबुका हृदयहरू येशूको निम्ति जित्नु

## टलिताहोयाटो, वर्ष १९ पपुवा न्यु गिनी

अस्ट्रेलिया महादेशको समुद्रमा पपुवा न्यु गिनी भन्ने एउटा देश छ। त्यो देशको एउटा पहाडी इलाकामा गोर्का भन्ने शहर छ। त्यहाँको एक परिवारमा टलिताहोयोटो भन्ने एक बालिका जन्मेकी थिइन्। उनका आमाबुबा जाँडरक्सी खाने र जुवा तास खेल्न प्रख्यात थिए। कतिपय समयमा तिनीहरू बेतालमा हिँड्थे अनि टलिताहोयोटोको वास्ता पनि गर्दैनथे। जेभएतापनि उनी जसोतसो आठ वर्षसम्म घरमै हुर्किन्। तर टलिताहोयोटोको घरको दुर्गती देखेर उनीप्रति दया जागेर एक जना छिमेकीले उनलाई धर्मपुत्री बनाउँछु भनेर उनका आमाबाबुसँग मागे। मोजमज्जा, जाँडरक्सी र जुवा खेल्न व्यस्त भएका आमाबाबुको निम्ति ती छोरी घाँडो भएकी थिइन्। त्यसकारण छिमेकीको अनुरोधलाई खुशीले स्वीकारेर आफ्नी छोरीलाई लानु भनि आमाबाबुले अनुमति दिए। दयालु छिमेकीले टलितालाई घरमा लगिन् र आफूलाई "आमा" भनेर बोलाउनु भनेर उनलाई सिकाइन्।

नयाँ आमा दयालु थिइन् र टलिताले उनको घर रमाइलो भएको महसुस गरिन्। तिनीहरू एउटै कोठामा सुत्दथे। आमाको खाट छुट्टै र टलिताको निम्ति छुट्टै खाट थियो। भोलिपल्ट बिहान आमाको घडीमा पाँच बजे बिहानै टिन्न घन्टी बज्यो। त्यसले टलितालाई पनि ब्युँझायो। तैपनि उनी भने उठिनन् र ओढ्नेले मुख छोपेर तलिता ओछ्यानमै ढल्किरहिन्। आमा बिस्तारै आफ्नो खाटबाट ओर्लेको टलिताले देखिन्। उनले ओढ्नेबाट चिहाएर आमाले के गर्न लागेकी रहिछिन् भनेर हेरिन्। आमा त घुँडापो टेकिरहेकी थिइन् र परमेश्वरसँग ठूलो स्वरले कुरा गरिरहेकी थिइन्। आमाले प्रार्थनामा आफ्नो नाउँ टलिता भनेको पनि सुनिन्। आमाले एउटा कालो किताब खोलिन् र त्यो पढ्न थालिन्।

भोलिपल्ट बिहान पनि ५ बजे बिहान घडीको घन्टी बज्यो र टलिता पनि ब्युँझिन्। आमाले प्रार्थना गरेकफ र कालो किताब पढेको उनले हेरिरहिन्। दिउँसो पख उनको घरमा धेरै महिला पाहुनाहरू आए र तिनीहरू आफ्ना व्यक्तिगत समस्याहरूको बारेमा आमासँग सरसल्लाह माग्न आएका थिए। ती महिलाहरूसँग आमाले प्रार्थना गरिन् र कालो किताबबाट

तिनीहरूलाई सरसल्लाह दिइन्। पछि टलिताले थाहा पाइन् कि त्यो कालो पुस्तक बाइबल पो रहेछ।

टलिताले पनि आमाले जस्तै गर्न थालिन्। जब उठ्ने घन्टी बज्थ्यो उनी पनि उठि्थन् र घुँडा टेकेर प्रार्थना गर्थिन्। उनले बाइबल पढिन्। उनले बाइबलबाट सिकेका कुराहरू अरूलाई बाँड्न आमाले उनलाई सिकाइन्। जब टलिताले प्रार्थना गरिन्, बाइबल पढिन् र अरूलाई आफूले पढेका कुराहरू बाँडिन् परमेश्वरले उनका प्रार्थनाहरूको जवाफ दिएको उनले अनुभव गरिन्। उनले परमेश्वरमाथि विश्वास गर्न थालिन्।

धेरै वर्ष बितेपछि। टलिता ठूली हुँदै थिइन्। जब उनी १७ वर्ष कि भइन् तब उनले बप्तिस्मा लिइन्।बप्तिस्मा लिएको केही समयमै आमाले टलितालाई आफूलाई जन्म दिने आमाबाबुकहाँ फर्कनु पर्छ भनिन्।

रुँदै टलिताले सोधिन् "के मलाई मेरा बाबुआमाकहाँ फिर्ता पठाउँदै हुनुहुन्छ?" आँखाभरि आँशु झारेर आमाले भनिन् कि टलितालाई आफ्ना आमाबाबुकहाँ फर्काउने निर्णय गर्न धेरै गाऱ्हो भएको थियो तर उनी फर्किनै पर्छ र यो निर्णय उचित भएको पनि उनलाई सुनाइन्।

"तिमीले येशूलाई तिम्रो व्यक्तिगत मुक्तिदाता भनेर स्वीकारेको हुनाले तिमीलाई जन्म दिने बाबुआमाले पनि तिमीले कस्तो खालको मुक्तिदातालाई तिमीले ग्रहण गऱ्यौ भनेर सुनाउनुपर्छ," आमाले भनिन्।

"ल त हुन्छ" भनेर टलिताले आफ्नो पोको पुन्तुरो बोकेर आमाबाट बिदाबारी भएर आफ्नो घरमा फर्किन्। टलिता अचानक आफ्नो घरमा पस्दा उनका आमाबाबुले अत्यन्तै अचम्म माने, तर तिनीहरूले खुशीले उनलाई घरमा स्वागत गरे।तर तिनीहरूले येशूको बारेमा सुन्न चाहेका थिएनन्। जब जब उनले येशूको बारेमा तिनीहरूलाई केही सुनाउँथिन् तब तब तिनीहरू केही न केही भनेर गालि गर्दै उनीबाट पर हुन्थे।

जेभएतापनि टलिता आफ्नो घरमा सजिलैसँग घरै ठानेर बसिन्। उनका दुई भाइ र बहिनीसँग पनि घुलमिल भइन्। तिनीहरूलाई टलिताले पहिले कहिल्यै पनि देखेकी थिइनन्। आफूलाई पाल्ने आमाको नियम अनुसार उनले पनि नियमित रूपमा बिहान ५ बजे घन्टी बजाउन घडीलाई तयार गरिन् र घन्टी बजेपछि उनी उठिन्, प्रार्थना गरिन् र बाइबल पढिन्।

आफूले पढेको कुरा आमाबाबुलाई भन्ने प्रयास टलिताले गरिन् तर तिनीहरूले उनलाई सुन्न चाहेनन्। तैपनि आमाबाबु सुत्ने बेलामा तिनीहरूको

खाटमा गएर उनले बाइबलका कथाहरू सुनाइन् र तिनीहरूको निम्ति प्रार्थना गर्न थालिन्। उनलाई पालन पोषण गर्ने आमाले भनेको कुरा उनलाई याद आइरहेको थियो, "कसैले कसैलाई इसाई बनाउने हाम्रो काम वा जिम्मेवारी होइन, तर यो त परमेश्वरको काम वा जिम्मेवारी हो।"

टलिताको धेरै प्रयास पछि एकदिन उनकी आमा चर्चमा जान मञ्जुर भइन्। तर चर्चमा सबैले उनको कुरा काट्छन् वा ठट्टा गर्नेछन् भनेर उनलाई डर लागेको थियो। सबैलाई थाहा थियो कि उनी जाँडरक्सी खान्थिन् र जुवातास खेल्थि। तर टलिताले अरूले के भन्छन् त्यसको चिन्ता नगर्नुस भनेर आफ्नो आमालाई हौशला दिइन्।

जब टलिताको पालनपोषण गर्ने आमाले उनलाई भेटिन् तब उनको आमा चर्च गएको देखेर उनले खुशी व्यक्त गर्दै भनिन्, "परमेश्वरले नै मानिसको हृदय जान्नुहुन्छ। जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँले पनि तिमीले जस्तै मानिसहरूसँग घुलमिल गर्नुहुन्थ्यो। त्यसकारण, अरूले के भन्छ त्यसमा सुर्ता नलिनु। जब एक जना पापीले पश्चाताप गर्छ तब स्वर्गमा आनन्दको लहर छाउँछ।" जब टलिताको कर्मदिने आमाले उनका आमा र भाइ बहिनीहरूलाई भेटिन् तब उनी धेरै खुशी भइन् र तिनीहरूलाई अङ्गालोमारेर न्यानो अभिवादन गरिन्।

"मानिसले तपाईंलाई के भन्छ त्यसमा तपाईं चिन्ता नगर्नुहोस्। परमेश्वरले तपाईंको हृदय जान्नुहुन्छ। तपाईंको जीवनमा परमेश्वरको योजना छ" टलिताकी कर्मदिने आमाले उनको जन्मदिने आमालाई भनिन्।

जब आमा चर्चबाट घर फर्किन् तब बाबुले केही पनि भनेनन्। टलिताले आफ्नो बाबुलाई पनि चर्चमा आउन आग्रह गरिन्। "तिमी सानी नै छौ। मलाई के गर्ने भनेर नअन्हाऊ" बाबुले टलितालाई ठाडो जवाफ दिए।

टलिताले दानिएल ४:२८-३७पदहरू पढिन्। त्यहाँ सम्राट नेबुक्दनेसरले घमण्ड गर्दा परमेश्वरले उनलाई पशुसरह झार्नुभएको थियो कि संसारको राजा परमेश्वर हुनुहुन्छ उनी होइनन् भनेर उनले महसुस गरुन् भनेर सो लेखिएको थियो। त्यसकारण टलिताले आफ्नो बाबुलाई चर्चमा आउन आग्रह नगरि उनको निम्ति प्रार्थना गर्न थालिन्।

"हे प्रिय प्रभु, यदि तपाईंले सम्राट् नेबुक्दनेसरले तपाईं परमेश्वर हुनुहुन्छ भनेर थाहा पाउन् भने तपाईंले उनको हृदयलाई परिवर्तन गर्नुभयो भने मेरो बुबालाई पनि हेर्नुहोस्। उहाँ केवल साधारण मानिसमात्र हुनुहुन्छ।

उहाँलाई केही गर्नुहोस् जसले गर्दा उहाँले तपाईंलाई विश्वास गर्न सक्नुभएको होस्" टलिताले बिनम्र अनुरोध गर्दै परमेश्वरसँग प्रार्थना गरिन्।

टलिताले आफ्नो बुबाको  निम्ति प्रार्थना गरेको केही दिनभित्रै उनलाई पुलिसले समात्यो। उनी बिजुलीका इन्जिनियर थिए। उनले पैसा पाए अनुसार काम सिध्याएका थिएनन्। त्यसकारण उनको मालिकले उनलाई जेलमा हाली दिए। जब उनी जेलमा थिए तब उनले येशूलाई विश्वास गर्न थाले। जब तिन महिनापछि उनी जेलबाट छुटे तब उनी चर्चमा गएर बप्तिस्माको निम्ति कक्षामा भर्ना भए। टलिताको खुशीको सिमाना नै रहेन!

तर दुर्भाग्यवस एक महिनापछि उनको बुबाको टायफ्वायड ज्वरले मृत्यु भयो। उनी केवल ४५ वर्षको मात्र थिए। यो किन भयो टलिताले बुझ्न सकिनन्। प्रत्येक साबथ सबै परिवार संगसंगै चर्च गएको उनी चाहन्थिन्। तर बाबुको दुःखलाग्दो मृत्युभएपनि परमेश्वरले उनको प्रार्थना सुनिदिनुभएकोमा टलिता खुशी थिइन्।

"हामीले अपेक्षा नगरेको दुर्घट्ना हाम्रो जिवनमा हुन सक्छ तर परमेश्वरको बाटो सधैं सिद्ध छ, मेरो बुबा एडभेन्टिस्ट भएको म चाहन्थें ताकि हामी सपरिवार संगसंगै चर्च जान सकौं। तर त्यसो भएन। तर येशूमाथि विश्वास राखेर नै मेरो बुबाको मृत्यु भयो। जब येशू आउनुहुनेछ तब हामी सबै मिलेर स्वर्ग जानेछौं" टलिताले संतुष्ट हुँदै भनिन् ।

टलिताकी आमा प्रत्येक साबथ चर्चमा गइरहेकी छिन्। उनले छिट्टै बप्तिस्मा लिनेछिन्। टलिताका भाइहरू र बहिनी पनि चर्चमा जान्छन्।

टलिता अहिले वर्ष १९की छिन्। उनी शिक्षक हुन कलेजमा पढिरहेकी छिन्। आफ्नो दुई वटी आमाहरू भएकोमा उनी खुशी छिन्: आफ्नो जन्मदिने आमा र कर्मदिने आमा।

"म सानै हुँदा प्रभु येशूको चेला हुन सिकाउनुभएकोमा मलाई पाल्नुहुने आमाप्रति म सधैं आभारी छु। यसैले गर्दा म जहाँ गएपनि यसबारे म अरूलाई सुनाउँछु" ढुक्क भएर टलिताले यी लेखकलाई सुनाउँछिन्।

अब उब्रिने त्रैमासिकको भेटी टलिता रहेको पपुवा न्यु गिनीको सहरमा बालसङ्गतिको निम्ति खर्च गरिनेछ।

*-आन्द्रु मेकचेस्नी*